


# SHARED WORK PROGRAM

## तपाईंको मुक्त हुने अन्य विकल्प

## SHARED WORK ले मेरो व्यवसायलाई कसरी मद्दत गर्न सक्छ?

Shared Work Program ले कामदारहरूलाई घटाइएको कार्य समयतालिकामा काम गर्न र आंशिक बेरोजगार बीमा लाभहरू सङ्कलन गर्न अनुमति दिँदै व्यवसाय क्रियाकलापको कमी हुँदा उनीहरूलाई मुक्त गर्नेभन्दा अन्य विकल्प दिन्छ। कर्मचारीलाई नोकसानीविहीन बटाउनको सट्टामा, तपाईंले सबै कर्मचारीहरू वा विशिष्ट समूहको काम गर्ने समय कम गर्न सक्नुहुन्छ।

> उदाहरणको लागि: *Plant XYZ ले राज्य श्रम विभागसँग Shared Work Plan फाइल गर्छ र दश हप्ताको लागि 20% ले यसको सिलाउने विभागको काम गर्ने समय घटाउन प्रमाणीकरण प्राप्त गर्छ। यी कर्मचारीहरूले बेरोजगार बीमाको लागि फाइल गर्न सक्छन्। उनीहरूले आफ्ना साप्ताहिक लाभको 20% सङ्कलन गर्न सक्छन्।*
>
> *पूर्ण रूपमा बेरोजगार भएमा प्रति हप्ता $400 कमाउने कुनै कर्मचारीले $200 को बेरोजगार लाभ प्राप्त गर्न सक्छ। Shared Work Program अन्तर्गत, वहाँले आफ्नो रोजगारदाताबाट प्रति हप्ता $320 ($400 को 20% भनेको $80 कटौती हो) र Shared Work Program बाट $40 ($200 बेरोजगार बीमा लाभको 20%) प्राप्त गर्नेछ। भुक्तानी नगरिएको प्रतीक्षा हप्तापछि योजनाको प्रत्येक हप्ताको लागि यसबाट जम्मा ज्याला र Shared Work Program बाट $360 हुन्छ। योग्य कर्मचारीहरूलाई जुलाई 26, 2020 मा समाप्त हुँदै लाभ हप्ता मार्फत प्रति हप्ता थप $600 पनि भुक्तान गरिनेछ।*

Shared Work Program ले तपाईंलाई अस्थायी व्यवसाय क्रियाकलापको कमीको अवधिमा तालिम-प्राप्त, उत्पादकत्व कर्मचारीहरूलाई राख्न मद्दत गर्छ। यसको अर्थ व्यवसायको स्थितिमा सुधार आउँदा तपाईंले छिटै तयार हुन सक्नुहुन्छ। सरकारी र गैर-नाफामूलक सहित सबै रोजगारदाताहरूले Shared Work योजना राख्न सक्छन्। तपाईंले नयाँ कर्मचारीहरू भर्नागर्ने, भाँडामा लिने र तालिम दिने खर्चबचत गर्नुहुन्छ। र तपाईंले कर्मचारीहरूलाई पूर्ण बेरोजगारको कष्टबाट मुक्त गर्नुहुन्छ। तपाईंले कर्मचारीहरूलाई टोली सदस्यहरूको रूपमा महत्त्व दिनुहुन्छ भनी Shared Work ले बताउँछन्। तपाईंले मुक्त गर्ने कार्यलाई पन्छाउँदा, तपाईंले आफ्ना कर्मचारीहरूको कामलाई मूल्यवान् ठाउन्नुहुन्छ र कठीन समयमा पनि उनीहरूलाई जागिरमा राख्न चाहनुहुन्छ भनी उनीहरूलाई बताउनुहुन्छ।

## SHARED WORK PLAN लाई के आवश्यक पर्छ?

तपाईंको Shared Work Plan ले निम्न गर्न अनिवार्य छ:

- प्रति हप्ता सामान्यतया 40 घण्टाभन्दा बढि काम नगर्ने कर्मचारीहरूलाई लागू गर्नुपर्छ
- 20% र 60% भिच काम गर्ने समय र अनरूपी ज्याला घटाउनुपर्छ
- तपाईंको कार्यबलको बराबरी प्रतिशतको मुक्तिलाई प्रतिस्थापन गर्नुपर्छ
- सम्पूर्ण कार्यबलको लागि कम गरिएको वा हटाइएको नभएसम्म, अतिरिक्त लाभहरू कम नगर्नुपर्छ वा नहटाउनु हुँदैन
- 53 हप्ता नाघ्नुहुन्न
- सबै कर्मचारीहरूलाई प्रभावित एकाइमा कभर गर्नु र समान प्रतिशतले उनीहरूको काम गर्ने समय कम गर्नुपर्छ। तपाईंले फरक प्रतिशतद्वारा फरक एकाइहरू कम गर्न सक्नुहुन्छ

योजना प्रभावकारी हुँदा तपाईंले योजनाद्वारा कभर गरिएको कार्य समूहको लागि थप कर्मचारीहरू भर्ना गर्न सक्नुहुन्न। सङ्ग्रहित सौदा प्रभावमा छ भने, सङ्ग्रहित सौदा एकाइले Shared Work Program मा भाग लिन सहमति हुन अनिवार्य छ।

## कर्मचारी लाभ र योग्यता

कर्मचारीहरूले न्यू योर्क राज्यमा नियमित बेरोजगार बीमा लाभहरू प्राप्त गर्न योग्य छन् भने उनीहरू Shared Work मा सहभागी हुन सक्छन्। Shared Work साप्ताहिक रकम कुनै व्यक्तिको लाभ दर र Shared Work Plan अन्तर्गत उनीहरूको घटाइएको कार्य समय र ज्यालाको प्रतिशतको गुणा हो। Shared Work मा सहभागी हुने कामदारहरूले:

- उनीहरूले कुनै लाभ वर्षको अवधिमा अधिकतम हदसम्म 26 पटक आफ्नो साप्ताहिक लाभ दर प्राप्त गर्न सक्छन्
- कुनै लाभ वर्षमा उनीहरूले नियमित बेरोजगार बीमा कार्यक्रमबाट मात्र (नियमित लाभ दरमा 26 पटक) प्राप्त गर्ने भन्दा Shared Work लाभ र नियमित बेरोजगार बीमा लाभको संयोजनभन्दा बढि प्राप्त गर्न सक्दैनन्

- Shared Work रोजगारदाताको लागि काम गर्न पूर्ण रूपमा उपलब्ध हुन अनिवार्य छ तर अन्य कामको लागि खोज्न आवश्यक छैन
- उनीहरूले परिपूरक बेरोजगार भत्ता लाभ (SUB भुक्तान) प्राप्त गर्ने कुनै पनि हप्तामा Shared Work लाभहरूको लागि योग्य छैनन्
- उनीहरूले फरक रोजगारदाताको लागि काम गरे वा स्वयं-रोजगार छन् भने आफ्ना Shared Work लाभहरू घटाइनेछन्

## मैले कसरी आवेदन दिन सक्छु?

तपाईंले न्यू योर्क राज्यमा कार्यरत कम्तीमा पनि दुई पूर्ण-समय कामदारहरूलाई रोजगार दिनुभएको हुन अनिवार्य छ र लगातार चार पात्रो त्रैमासिकका लागि, तपाईं वा तपाईंको पूर्वाधिकारीसँग निम्न हुन अनिवार्य छ:

- भुक्तान गरिएको बेरोजगार बीमा योगदानहरू
- योगदानहरूको सट्टामा, तपाईंको भूतपूर्व कर्मचारीहरूलाई भुक्तान गरिएका लाभहरू प्रतिपूर्ति गर्ने मनोनित

निवेदन फाइल गर्न **www.labor.ny.gov** मा हाम्रो वेबसाइटमा जानुहोस्। "Businesses" मा क्लिक गर्नुहोस्, त्यसपछि "Unemployment Insurance" अन्तर्गत "UI Online Services" चयन गर्नुहोस्। आफ्नो NY.Gov ID मार्फत साइन इन गर्नुहोस् वा NY.Gov ID सिर्जना गर्न निर्देशनहरू पालना गर्नुहोस्। साइन इन गरेपछि "Perform Work for my Company" पृष्ठमा "View My UI Information" चयन गर्नुहोस्। तल्लो बायाँमा भएको "Shared Work" बटन क्लिक गर्नुहोस्।

## SHARED WORK बारे प्राय सोधिने प्रश्नहरू

### मेरो SHARED WORK PLAN कहिले सुरु हुनेछ?

तपाईंको निवेदन फारममा तोकिएको मिति वा हामीले योजना स्वीकृत गरेको दिनपछि आउने सोमबार (जुन मिति पहिले पर्छ त्यहि दिन) सुरु हुन्छ। प्रस्ताविक सुरुवात मितिको एक महिनाभन्दा अगाडि तर योजना सुरु हुने इच्छा गरिएको मितिदेखि कम्तीम पनि तीन हप्ताअघि आफ्नो निवेदन पेश गर्नुहोस्। Shared Work Plan पूर्वव्यापी हुन सक्दैन।

### SHARED WORK PLAN प्रमाणित भएपछि, मैले यसलाई परिवर्तन गर्न सक्छु?

सक्नुहुन्छ। तपाईंले आफ्नो कर्मचारीहरूको कम गरिने समयको प्रतिशत परिवर्तन गर्न सक्नुहुन्छ। तपाईंले कामदारहरूलाई एक वा बढि हप्ताको लागि पूर्ण समयतालिकामा पनि फर्काउन सक्नुहुन्छ र त्यसपछि योजना पुन: जारी गर्न सक्नुहुन्छ। तपाईंले मानिसहरूलाई प्रभावित कार्य एकाइबाट हटाउन वा प्रतिस्थापन कामदारहरू भाँडामा लिन सक्नुहुन्छ। यद्यपि, तपाईं आफ्नो योजनामा थप कार्य एकाइहरू थप्न चाहनुहुन्च भने, तपाईंले प्रमाणीकरणको लागि परिमार्जित निवेदन पेश गर्न अनिवार्य छ।

### मैले योजनामा मौलिक रूपमा भएका केही कामदारहरूलाई मुक्त गर्न र बाँकीका कामदारहरूलाई अझै पनि योजनामा राख्न सक्छु?

सक्नुहुन्छ। Shared Work ले अझै पनि बाँकी रहेकाहरूलाई मुक्त गर्नबाट रोक्नेछ, जुन यस कार्यक्रमको उद्देश्य हो। वैकल्पिक रूपमा, तपाईंले मुक्त गर्नबाट रोक्नको लागि तपाईंले कर्मचारीको काम गर्ने समय र ज्याला घटाउनुभएको प्रतिशत बढाउन सक्नुहुन्छ।

### SHARED WORK PLAN प्रभावकारी भएपछि, मैले अर्को रोजगारदाताको लागि काम छाड्ने कर्मचारीको लागि प्रतिस्थापन गर्ने कामदार भाँडामा लिन सक्छु?

सक्नुहुन्छ। कानूनले तपाईंलाई प्रभावित एकाइमा काम गर्नको लागि थप कर्मचारीहरू भाँडामा लिनबाट मात्र निषेध गर्छ। योजना प्रभावकारी हुँदा छाडेर जाने कर्मचारीहरूका लागि तपाईंले प्रतिस्थापनहरूलाई रोजगार दिन सक्नुहुन्छ।

### मैले SHARED WORK छनोट गरे भने, मैले यसलाई सम्पूर्ण व्यवसाय वा कम्पनीको लागि प्रयोग गर्न अनिवार्य छ?

छैन। तपाईंले Shared Work लाई एक वा बढि विभाग, सिफ्ट वा एकाइमा काम गर्न सक्नुहुन्छ। योजनाले तपाईंलाई संलग्न क्षेत्रहरू रोज्न दिन्छ। तपाईंले कुनै सहभागी एकाइ वा विभागमा सबै कर्मचारीहरू माझ काम गर्ने समय र ज्यालको कटौती बराबर रूपमा लागू गर्न अनिवार्य छ। तपाईंले योजनामा तोक्नुभयो भने, तपाईंले फरक विभाग वा एकाइहरूका कर्मचारीहरूको समय र ज्यालालाई विभिन्न प्रतिशतले कम गर्न सक्नुहुन्छ।

### SHARED WORK PLAN मा एक जना कर्मचारी भएको एकाइ समावेश हुन सक्छ?

सक्दैन। योजनामा प्रभावित एकाइमा कम्तीमा पनि दुई जना कर्मचारीहरू हुन अनिवार्य छ।

### सामान्यतया अधिक समय काम गर्ने कर्मचारीहरूको अधिक काम गर्ने समय घटाइयो भने उनीहरूले SHARED WORK लाभ प्राप्त गर्न सक्छन्?

सक्दैन। Shared Work लाभहरू कर्मचारीको "सामान्य कार्य" समयमा कमीको कारणले गर्दा गुमाइएको ज्यालाको लागि मात्र हुन्। "सामान्य कार्य" समय प्राय जसो प्रति हप्ता 40 घण्टाभन्दा बढि हुँदैन।

### SHARED WORK लाभले मेरो बेरोजगार बीमा दरमा के-कस्तो असर पार्छ?

Shared Work सहभागीहरूलाई भुक्तान गरिएका लाभहरू डिसेम्बर 31। 2020 सम्म योजनामा सबै पूर्ण-समय र आंशिक-समय कर्मचारीहरूका लागि 100% संघीय रूपमा निधिबद्ध गरिनेछन्। जुलाई 26, 2020 मा समाप्त हुने लाभ हप्ता भरि Shared Work सहभागीहरूलाई साप्ताहिक लाभहरूको रूपमा भुक्तान गरिने $600 पनि 100% संघीय निधिबद्ध गरिएको छ। आफ्नो बेरोजगार बीमा दरमा Shared Work को असर बारे तपाईंसँग कुनै प्रश्नहरू भएमा, **518-457-2635** मा हाम्रो उत्तरदायित्व र निर्धारण खण्डमा कल गर्नुहोस्।

### मैले SHARED WORK कार्यक्रममा कुन कर्मचारीहरू समावेश गर्ने भनी तोक्न सक्छु?

सक्नुहुन्छ। तपाईंको योजनामा सबै सहभागी कर्मचारीहरूका नाम र सामाजिक सुरक्षा नम्बर, उनीहरूको सामान्य साप्ताहिक काम गर्ने समय र उनीहरू मौसम अनुसार काम गर्छन् कि गर्दैनन्, अस्थायी वा अनिरन्तर कर्मचारीहरू हुन् कि होइनन् भनी समावेश हुनुपर्छ।

### SHARED WORK PLAN प्रभावमा हुनँदा मैले रिपोर्टहरू फाइल गर्नुपर्छ?

सक्नुहुन्छ। तपाईं र तपाईंका सहभागी कर्मचारीहरूले प्रत्येक हप्ता प्रमाणित गर्न अनिवार्य छ। यसले प्रत्येक कर्मचारीलाई उचित Shared Work लाभ रकम भुक्तान गरिन्छ भनी निश्चय गर्छ।

### कर्मचारीहरूका काम गर्ने समय र ज्यालाहरू 20% भन्दा कम वा 60% भन्दा बढिले घटाइयो भने उनीहरूले SHARED WORK लाभहरू प्राप्त गर्न सक्छन्?

सक्दैनन्। यद्यपि, यी कर्मचारीहरूका काम गर्ने समय र ज्याला 60% भन्दा बढिले घटाइयो भने उनीहरूले नियमित बेरोजगार बीमा कार्यक्रम अन्तर्गत लाभहरू प्राप्त गर्न योग्य हुन सक्छन्।

### मेरो SHARED WORK PLAN को म्याद समाप्त भयो तर कर्मचारीहरू अझै पनि घटाइएको कार्य समयतालिकामा काम गरिरहेका छ भने, कर्मचारीहरूले SHARED WORK लाभहरू प्राप्त गर्न जारी राख्न सक्छन्?

सक्दैनन्। तपाईंको योजना प्रभावकारी हुँदा मात्र Shared Work लाभहरू भुक्तान गर्न सकिन्छ। लाभ भुक्तानीहरूको अवरोध रोक्नको लागि, तपाईंको हालको योजनाको म्याद समाप्त हुनुअघि नै तपाईंले Shared Work को लागि पुन: आवेदन दिनुपर्छ।

### मसँग SHARED WORK बारे वा निवेदन प्रक्रिया बारे प्रश्नहरू भएमा मैले कसलाई सम्पर्क गर्न सक्छु?

हाम्रो उत्तरदायित्व र निर्धारण खण्डले Shared Work बारे प्रश्नहरूका जवाफ दिन, तपाईंलाई निवेदन भर्न वा आवश्यक परेमा तपाईंलाई कागजी निवेदन पठाउन सक्छ। **518-457-2635** मा कल गर्नुहोस् वा यहाँ पत्र पठाउनुहोस्:

New York State Department of Labor<br>
Unemployment Insurance Division,<br>
Liability and Determination Section<br>
State Office Campus<br>
Albany, NY 12240

Shared Work Program लचकदार छ। तपाईंले यसलाई धेरै कार्य अवस्थाहरू कभर गर्न अनुकूल गर्न सक्नुहुन्छ। यसले पैसा्छ र जागिरको बचत गर्छ। तपाईंले मुक्त गर्ने विचार गर्नुअघि Shared Work बारे विचार गर्नुहोस्!


New York राज्यको श्रम विभाग भनेको समान अवसर रोजगारदाता/कार्यक्रम हो। अनुरोध गरे बापत सहायक सामग्री र सेवाहरू असक्षमताहरू भएका व्यक्तिहरूका लागि उपलब्ध हुन्छन्।